जलेश्वर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

प्रस्तावना

नेपालको संबिधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैगिक हिंसा निवारण कोष(संचालन) नियमावली,२०६७ तथा लैगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धि मापदण्ड,२०७६ को अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जलेश्वर नगरपालिकाको लैगिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७ बनाइ लागू गरिएको छ।

१) संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यबिधिको नाम **"लैगिक हिंसा निवारण कोष संचालन, मापदण्ड, २०७७"** रहको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :-

(क) "नगरपालिका" भन्नाले जलेश्वर नगरपालिकालाई सम्झनु पर्ने छ।

(ख) "शाखा" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्झनु पर्छ।

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
मधेश प्रदेश, नेपाल
२०७३

नगर प्रमुख

(ग) "कोष" भन्नाले नियम (३) बमोजिमको लैङ्गिक हिंसा निवारणका लागि स्थापित राहत तथा उद्धार कोष सम्झनु पर्छ।

(घ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(ङ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ।

(च) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ।

(छ) "मन्त्रालय" भन्नाले संघीय सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "कोष संचालन समिति"भन्नाले मापदण्डको नियम (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

३. कोषको स्थापना :

(१) लैगिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोष नामको एक कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

नगर प्रमुख

जलेश्वर नगरपालिका कार्यपालिकाको कार्यालय महोत्तरी जिल्ला प्रदेश नं. २०७३

ख) नगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम,

ग) विदेशी वयक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. कोषमा रकम जम्मा गर्ने

महिला हक हीतको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोकेको प्रतिशत बराबरको रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५. कोषको उपयोग :

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) सीपमुलक तालिम प्राप्त पिडितलाई स्वरोजागारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,

(च) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,

नगर प्रमुख

(छ)अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यक्ता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।

(ज) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने : (१) कोषको रकम नियम (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

७. समितिको गठन :- (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानीय राहत तथा उद्धार समिति रहनेछ ।

(२ समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उपप्रमुख:	संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत:	सदस्य
(ग) सामाजिक विकास समिति संयोजक:	सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख:	सदस्य
(ङ) स्वास्थ्य शाखा प्रमुख:	सदस्य
(च) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि:	सदस्य
(छ) सल्लाहकार:	सदस्य
(ज) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट	सदस्य

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी, जिल्ला
मधेश प्रदेश, नेपाल
२०७३

संयोजकले मनोनित गरेको एक जना
सदस्य
(झ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख: सदस्य सचिव
(३) उपनियम (२) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।
(४) समितिको सचिवालयको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा रहनेछ ।

८. समितिको काम,कर्तव्य र अधिकार :

स्थानीय राहत तथा उद्धार समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) लैङ्गिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

ख) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने

ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

घ) नगरपालिका क्षेत्रभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने,

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ,

ज) कोष बृद्धिको श्रोतको खोजी गर्ने ,

झ) लैंगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने

ञ) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ट) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने

नगर प्रमुख

ठ) जिल्लास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरुबीच समन्वय गर्ने,

ड) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

९. समितिको बैठक र निर्णय : १) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ :-

२) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ,

३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ

घ) समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ,

ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,

च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ,

छ) समितिले आबश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

ज) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ ,

झ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ ।

१०. समितिको प्रशासनिक खर्च :

नगर प्रमुख

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोष बाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

११. कोषलाई रकम उपलब्ध गराउने : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि नगरपालिकाले प्रत्यक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

१२. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार : (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन छ सय रुपैयाँ र बास बस्नु पर्ने सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चार सय रुपैयाँको दरले बढीमा दश हजार रुपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाड रकम, खाना खर्च वापत प्रति दिन छ सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन चार सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा बीस हजार रुपैयाँ,

ग) कानूनी सहयाता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दश हजार रुपैयाँमा नबढ्ने गरी लागको यथार्थ खर्च

घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी

नगर प्रमुख

बढीमा तीस हजार रुपैयाँ

ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी कढीमा पन्ध्र हजार रुपैयाँ,

(२) यपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव देखिएमा त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

१३. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :- (१) यस कार्यविधि बमोजिम राहत तथां आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम ८ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१४. तत्काल रकम उलब्ध गराउन सक्ने :- (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम

नगर प्रमुख

जलेश्वर नगरपालिका कार्यपालिकाको कार्यालय जलेश्वर महोत्तरी जिल्ला नं प्रदेश, नेपाल २०७३

सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१५. खाता सञ्चालन :

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।

ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१६. कोषको लेखा र लेखा परिक्षण :

कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१७. कोषको रकम फ्रिज नहुने :

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१८. प्रतिवेदन पेश गर्ने :

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन नगर कार्यपालिकाले सार्बजनिक गर्ने छ ।

१९. बैठक भत्ता :

नगर प्रमुख

जलेश्वर नगरपालिका नगरपालिका को कार्यालय महोत्तरी जिल्ला प्रदेश, नेपाल ०७३

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

२०.कोषको सचिवालय :कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

२१. अभिलेख राख्ने : समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२२. निर्देशन दिन सक्ने : (१) नेपाल सरकार, प्रदेश सरकार तथा नगर कार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२३. बाधा अड्काउ फुकाउने :- यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

२४. कोष खारेज हुन सक्ने :

क) कुनै कारणबस कोष संचालन गर्न आबश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

२५. खारेजी र बचाउ :- यस कार्यविधि बमोजिम भए गरेको कामकारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछन् ।

नगर प्रमुख

अनुसूची

(दफा १२ सँग सम्बन्धित)

बिषय : सहयोग उपलब्ध गराई पाउँ ।

श्री उप प्रमुख ज्यू

स्थानिय उद्धार तथा राहत समिति

जलेश्वर नगरपालिका, महोत्तरी

म .....मा बस्ने वर्ष .....को .....मिति.....मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (.....) भएको कारणले मेरो मानसिक / शारीरिक/ सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/ कानुनी सहायता एवम् परामर्श/ उद्धार / मनोविमर्श/ स्वरोजगार / पुनस्थापना / अन्य .....कामको लागि सहयोगको आवश्यकता परेको हुदाँ स्थानिय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

नगर प्रमुख

जलेश्वर नगरपालिका
नगरपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
मधेश प्रदेश, नेपाल
२०७३